मेतिः- २०८३/०३/१०

नेपालको संविधानको धारा २२२ को उपधारा (१) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ मा एको व्यवस्था बमोजिम रामप्रसादराई गाँउपालिका अध्यक्ष श्री थाम बहादुर राईज्यूको अध्यक्षता तथा देहाय मोजिमको गाउँ सभा सदस्यज्यूहरुको उपस्थितिमा रामप्रसादराई गाउँपालिकाको गाउँ सभाको १९ औं अधिवेशनको संचालन गरियो ।

| क्र. स. | नाम / थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | थाम बहादुर राई | अध्यक्ष | रामप्रसादराई १, भोजपुर | |
| २ | वीरेन्द्र राई | उपाध्यक्ष | ऐ वडा नं. ५ | |
| ३ | जोगेन्द्र राई | सदस्य | ऐ वडा नं. १ | |
| ४ | राज कुमार तामाङ्ग | सदस्य | ऐ वडा नं. २ | |
| ५ | रामु थापा मगर | सदस्य | ऐ वडा नं. ३ | |
| ६ | बाबु कुमार राई | सदस्य | ऐ वडा नं. ४ | |
| ७ | जगत बहादुर चौहान | सदस्य | ऐ वडा नं. ५ | |
| ८ | एकराज आचार्य | सदस्य | ऐ वडा नं. ६ | |
| ९ | मनकाजी राई | सदस्य | ऐ वडा नं. ७ | |
| १० | बाचकुमार राई | सदस्य | ऐ वडा नं. ८ | |
| ११ | अजम राई | सदस्य | ऐ वडा नं. १ | |
| १२ | सविना तामाङ | सदस्य | ऐ वडा नं. ४ | |
| १३ | विना विश्वकर्मा | सदस्य | ऐ वडा नं. ३ | |
| १४ | प्रतिमा राई | सदस्य | ऐ वडा नं. ५ | |
| १५ | मिलन वि. क. | सदस्य | ऐ वडा नं. ६ | |
| १६ | अशोक कुमार खवास | सदस्य | ऐ वडा नं. ४ | |
| १७ | जुना बानिया दर्जी | सदस्य | ऐ वडा नं. १ | |
| १८ | धनिराज राई | सदस्य | ऐ वडा नं. १ | |

| | | | | |
|---|---|---|---|---|
| २० | प्रभा राई तामाङ | सदस्य | ऐ वडा नं. २ | |
| २१ | विष्णा दर्जी | सदस्य | ऐ वडा नं. २ | |
| २२ | जीवन जर्गा मगर | सदस्य | ऐ वडा नं. २ | |
| २३ | सुन्दर कुमार राई | सदस्य | ऐ वडा नं. २ | |
| २४ | विजया राई | सदस्य | ऐ वडा नं. ३ | |
| २५ | टेकराज भट्टराई | सदस्य | ऐ वडा नं. ३ | |
| २६ | योगराज मगर | सदस्य | ऐ वडा नं. ३ | |
| २७ | हेमादेवि सार्की | सदस्य | ऐ वडा नं. ४ | |
| २८ | महेन्द्र बहादुर कार्की | सदस्य | ऐ वडा नं. ४ | |
| २९ | एकराज भुजेल | सदस्य | ऐ वडा नं. ४ | |
| ३० | कल्पना विश्वकर्मा | सदस्य | ऐ वडा नं. ५ | |
| ३१ | दुर्गा बहादुर मगर | सदस्य | ऐ वडा नं. ५ | |
| ३२ | हश बहादुर पाण्डे | सदस्य | ऐ वडा नं. ५ | |
| ३३ | सावित्रा राई | सदस्य | ऐ वडा नं. ६ | |
| ३४ | जानुका सुयल | सदस्य | ऐ वडा नं. ६ | |
| ३५ | जयन्द्र कुमार राई | सदस्य | ऐ वडा नं. ६ | |
| ३६ | जुना राई | सदस्य | ऐ वडा नं. ७ | |
| ३७ | रन्जीता सार्की | सदस्य | ऐ वडा नं. ७ | |
| ३८ | दिनेश राई | सदस्य | ऐ वडा नं. ७ | |
| ३९ | शुक्र बहादुर राई | सदस्य | ऐ वडा नं. ७ | |
| ४० | निर्मला राई | सदस्य | ऐ वडा नं. ८ | |
| ४१ | तिर्थदेवि कामी | सदस्य | ऐ वडा नं. ८ | |
| ४२ | बिकाश राई | सदस्य | ऐ वडा नं. ८ | |
| ४३ | देव कुमार राई | सदस्य | ऐ वडा नं. ८ | |
| ४४ | प्रदिप राई | सदस्य सचिव | | |

## १) आगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।

अध्यक्ष थामबहादुर राईज्यूबाट प्रस्तुत आगामी आ.व. ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सभाबाट पारित गरियो।

## २) विषयगत समितिको प्रतिवेदन सम्बन्धमा।

विषयगत समितिबाट गरिएको कार्यहरुको प्रगति प्रतिवेदन सभामा पेश गरिएको र उक्त प्रतिवेदन उपर छलफल गरी प्राप्त सुझाव कार्यान्वयन गरिने प्रतिबद्धता सहित सभाबाट स्वीकृत गरियो।

## ३) चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा सम्बन्धमा।

यस सम्बन्धमा छलफल गर्दा आ.व. ०८२/०८३ मा गाउँपालिकाले क्षेत्रगत रुपमा विनियोजित बजेटबाट कार्यक्रम संचालन गरेको, संझौता भई संचालन भएका योजनाहरुको निर्माण कार्य अन्तिम चरणमा रहेको,समग्र योजना तथा कार्यक्रमको चालु आ.व. मा देहाय अनुसारको वित्तीय तथा भौतिक प्रगति रहेको हुँदा सो अनुसारको विवरण सार्वजनिक गर्ने गराउने निर्णयको साथ कर्यसम्पन्न भएका योजना/कार्यक्रमको सबै प्रक्रिया पूरा गरी निकासा लिनको लागि आषाढ १५ गते कार्यालय समय भित्र सम्पूर्ण कागजात पेश गरिसक्नको लागि सूचना समेत प्रकाशन गरिसकेको हुँदा सम्पूर्ण सरोकारपक्षलाई कार्यालय आउनको लागि अनुरोध गर्ने।

**तपसिल:-**

**गाउँपालिकाको समग्र विषयगत क्षेत्र तर्फ:-**

| | |
|---|---|
| क) आर्थिक विकास | ५९ प्रतिशत |
| ख) सामाजिक विकास | ८१ प्रतिशत |
| ग) पूर्वाधार विकास | ४८ प्रतिशत |
| घ) सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ८६ प्रतिशत |
| ङ) कार्यालय संचालन तथा प्रशासनिक | ८० प्रतिशत |

**वडाकार्यालय तर्फ:-**

| | |
|---|---|
| क) वडा नं. १ - | ७८ प्रतिशत |
| ख) वडा नं. २ - | ९३ प्रतिशत |
| ग) वडा नं. ३ - | ७७ प्रतिशत |
| घ) वडा नं. ४ - | ५७ प्रतिशत |
| ङ) वडा नं. ५ - | ५४ प्रतिशत |
| च) वडा नं. ६- | ७३ प्रतिशत |
| छ) वडा नं. ७- | ३१ प्रतिशत |
| ज) वडा नं. ८- | ३६ प्रतिशत |

**समग्रमा:-७०**

पुँजीगत- ५० प्रतिशत

चालु- ८१ प्रतिशत

प्र. प्रमुख प्रशासकीय अधिकृत

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वैकुन्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

४) आ.व. ०८१/०८२ को मलेप प्रतिवेदन सार्वजनिक तथा बेरुजु फछ्यौंट सम्बन्धमा।

आ.व. २०८१/०८२ को महालेखा परीक्षकको कार्यालयबाट प्राप्त भएको प्रारम्भिक प्रतिवेदन सभामा प्रस्तुत गरियो, उक्त प्रतिवेदन अर्थ तथा सार्वजनिक लेखा समितिमा छलफल भइ सो समितिबाट निर्णयार्थ पेश भएको सैद्धान्तिक बेरुजु फर्छ्यौटका सम्बन्धमा मिति २०८२/०९/१० को गाउँ सभाको १८ औं अधिवेशनबाट निर्णय भइसकेको अनुसूची २ मा उल्लेखित विवरण समपरीक्षणको लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

५) आ व.२०८३/०८४ को आर्थिक विधेयक सम्बन्धमा।

प्रस्तुत आर्थिक विधेयक, २०८३ सभाबाट पारित गरियो।

६) आ व.२०८३/०८४ का लागि विनियोजन विधेयक

प्रस्तुत विनियोजन विधेयक, २०८३ सभाबाट पारित गरियो।

७) आ.व. २०८३/०८४ को वार्षिक बजेट प्रस्तुति।

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक गाउँपालिका उपाध्यक्षज्यूबाट आ.व. २०८३/०८४ को लागि निम्नानुसारको अनुमानित आम्दानी तथा खर्च सहितको वार्षिक बजेट रु. ४६,७४,०६,०१५ (रु. छ्यालिस करोड चौरहत्तर लाख छ हजार पन्द्र) सभामा पेश भई व्यापक रुपमा छलफल पश्चात सर्वसम्मत रुपबाट पारित गरियो।

८) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा

रोजगार सेवा केन्द्र मार्फत संचालन हुने राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेटबाट सञ्चालन हुने कार्यक्रमहरु संघबाट प्राप्त हुने बजेट कार्यान्वयनका शर्तहरुको पालना गर्दै रोजगार संख्याको आधारमा वडा कार्यालयबाट छनौट भएका योजनाहरु कार्यान्वयन गर्ने गराउने।

९) न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।

आ. व. ०८२/०८३ मा न्यायिक समितिबाट कार्यसम्पादन गरिएको कृयाकलाप सहितको न्यायिक समितिका संयोजकबाट पेश भएको प्रतिवेदन सभाबाट स्वीकृत गरियो।

१०) "रामप्रसादराई गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८३" पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुन्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

११) नेपाल जलवायु नमुना कार्यक्रम को लागि प्राप्त बजेट सम्बन्धमा ।

यस सम्बन्धमा छलफल गर्दा आ.व. ०८३/०८४ को लागि उक्त शीर्षकमा प्राप्त बजेट रु. २०,००,०००। बाट स्थानीय अनुकुलन कार्ययोजना भित्र रहेर तपसिलको वडामा निम्न बमोजिमको योजना/कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।

निम्नः-

क) खाक्ताङ नमूना वस्ती पूर्णता वडा नं. २ रु. ४०००००।–

ख) बेहेरेखोला मन्सराम भुल्के पदमार्ग निर्माण तथा मर्मत रु. ४०००००।–

ग) चुलाचुली गुफा संरक्षण कार्यक्रम दलगाउँ रु. ४०००००।–

घ) सिरिसे बैकुन्ठे पालिका केन्द्र पदमार्ग निर्माण रु. ५०००००।–

ङ) जालपा देवीथान भौतिक संरक्षण खोक्शिक रु. ३०००००।

१२) १० बेडको अस्पताल निर्माणको स्रोत सुनिश्चित सम्बन्धमा ।

अत्यन्त विकट तथा दुर्गम स्थानमा रहेको यस पालिकामा आधारभूत स्वास्थ्य सेवाबाट कोही पनि नागरिक बञ्चित हुन नपरोस भन्ने महान उद्देश्यका साथ नेपाल सरकारबाट स्वीकृत भएको १० बेडको अस्पताल निर्माणको लागि विगत आ.व. मै जग्गाको सुनिश्चितासँगै विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोही प्रतिवेदनको आधारमा आगामी ३ वर्षमा निर्माण कार्य पूरा गर्ने गरी ठेक्का बन्दोबस्त समेत भइसकेको हुँदा उक्त अस्पताल भवन निर्माणको लागि स्थानीय सरकार एक्लैले स्रोत सुनिश्चित गर्न नसक्ने भएकोले संघीय सरकार र प्रदेश सरकारसंग समेत समन्वय गरी तीन वटै सरकारको समन्वयमा निर्माणकार्य पूरा गर्नुपर्ने देखिएकोले सम्बन्धित निकायमा आवश्यक बजेट व्यवस्थापन गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

१३) संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ मा भएको व्यवस्था अनुसार मिति २०८३/०२/१५ मा यस पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न गराउन गठित समितिले पेश गरेको संगठन संरचना र दरबन्दी तेरिज आवश्यकता तथा औचित्य र वित्तिय लागतका दृष्टिले उपयुक्त देखिएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

सभा अध्यक्षबाट साँझ ७:०० बजे गाउँ सभाको १९ औं अधिवेशन अन्त्य गरियो ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुन्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

प्र. प्रमुख प्रशासकीय अधिकृत